Research Article

# 'फ्ल्यासब्याक' कथामा प्रगतिवादी चेत

उपप्रा. चतुर्भुजलाल दास केवरत, पाटन संयुक्त क्याम्पस पाटनढोका, ललितपुर

## लेखसार

*'फ्ल्यासब्याक' कथाकार यादवप्रकाश लामिछानेद्वारा लिखित सामाजिक यथार्थमा आधारित कथा हो । यस कथामा मधेसको सामाजिक, आर्थिक र राजनीतिक अवस्थाको यथार्थ चित्रण गरिएको छ । प्रस्तुत कथामा मधेसमा धनी वर्गका मानिसले गरिब वर्गको सतार परिवारको शोषण, दोहनका साथै उसकी छोरीको शारीरिक शोषण गरेको तथ्यको चित्रण गरिएको छ । 'फ्ल्यासब्याक' कथाको प्रगतिवादी चेतनाका दृष्टिकोणबाट हालसम्म अध्ययन नगरिएकोले यही नै यसको मुख्य समस्या रहेको छ र सोही समस्याको प्राज्ञिक समाधान खोज्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनको लागि पुस्तकालयीय कार्यको माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा 'फ्ल्यासब्याक' कथालाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ भने उक्त कथाका बारेमा पूर्व प्रकाशित फुटकर लेख, समीक्षा अनि प्रगतिवादी सिद्धान्तलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । प्रस्तुत कथाको व्याख्याका लागि पाठमा आधारित विश्लेषण विधिको प्रयोग गरिएको छ । विवेच्य कथामा आर्थिक अन्तरालले गर्दा धनी वर्गले गरिब वर्गमाथि गरेको अन्याय, अत्याचार, श्रमशोषण, बलात्कार, उत्पीडनजस्ता सामाजिक तथा आर्थिक बेथितिहरूको चित्रण गरिएको छ । अनुसन्धेय कथामा मधेसमा आर्थिक विषमताका कारण निर्मित आर्थिक अन्तराल र उक्त अन्तरालले सिर्जना गरेको श्रमशोषण, अन्याय, अत्याचार सामाजिक बेथितिबारे अध्ययन गरेर निष्कर्ष निकालिएको छ । सामाजिक-आर्थिक संरचनाले पारेको दुस्प्रभाव र त्यसबाट विपन्न वर्ग उत्पीडित रहेकाले त्यसको समाधानको खोजी कथाकारको अभीष्ट देखिन्छ । शोषित वर्गको मुक्ति नै कथाकारको मूल उद्देश्य रहेको प्रस्ट छ ।*

**शब्दकुञ्जी:** धनी वर्ग, गरिब वर्ग, श्रमशोषण, उत्पीडन, वर्चस्व

**Article History:** Submitted: 22 December 2025,
Reviewed: 23 January 2025, Accepted: 01 March 2026
**Corresponding Author: The Author**
cldkewrat@gmail.com
https://doi.org/10.3126/ilam.v22i1.94411

## विषय परिचय

'फ्ल्यासब्याक' कथा प्रगतिवादी कथाकार यादवप्रकाश लामिछानेद्वारा लिखित संयोग(२०८०) कथासङ्ग्रहमा सङ्गृहीत छ । यस कथामा मधेसको सामाजिक यथार्थको प्रतिविम्बन भएको छ । अनुसन्धेय कथामा कथाकार धनकुटाबाट मोरङ जिल्लाको मैनावारी बसाइँ सर्दादेखि पछिसम्मको विषयवस्तुमा आधारित रहेको छ । यस कथामा पहाडबाट मधेस झरेका पर्वते समुदायका धनी वर्गीय पात्रहरूले मधेसमा विगत लामो समयदेखि बस्दै आएका रैथाने तर सोझा सन्थाल जातिका मानिसहरूको आर्थिक शोषण गरेको विषयवस्तुलाई केन्द्रीय कथ्य बनाइएको छ । प्रस्तुत कथामा पहाडबाट अनि विराटनगर, धरान धनकुटा तथा भोजपुरबाट बसाइँ सराइ गरी आएका जिम्माबाल, बाहुन, क्षेत्री र भुटानबाट डिपोट गरिएका मगर, गुरुङ, तामाङलगायतका जनजाति समुदायका मानिसहरू महेन्द्र लोकमार्ग छेउको मैनावारीमा बस्ती बसाएको सन्दर्भको चित्रण छ । झोडा फँडानीका कारण फाट्टफुट्ट घर, बस्तीमा भारतको दुम्काबाट आएको सन्थालहरूको घर, झाँगड, राजवंशी र ताजपुरियाहरूको सामूहिक बसोबास रहेको कथयिताको वर्णन छ । विवेच्य कथामा मधेसीको आदिवासी जनजाति सतार पात्रलाई केन्द्रीय पात्रका रूपमा उपस्थापन गरिएको छ भने पहाडबाट जिम्माबाललाई सहायक पात्रका रूपमा चित्रण गरिएको छ । सतार जातिको पात्रलाई शोषित वर्गको रूपमा र पर्वते जिम्माबाललाई शोषक वर्गको पात्रको रूपमा चित्रण गरिएको छ । यस कथामा सतार जातिको पात्रलाई ललाइफकाइ, किनेर अनि कीर्ते गरी जिम्माबालले उसको धेरै जमिन हड्पेर लिएको सामाजिक यथार्थको प्रस्तुति छ । सतार समुदायको पात्रकी छोरी घरमा एक्लै भएकी मौका छोपेर गाउँको धनीमानी व्यक्तिले जबर्जस्ती शारीरिक सम्बन्ध राखेको र प्रहरी तथा प्रशासन कार्यालयमा उजुरी दिँदासमेत प्रहरी तथा प्रशासन पक्षले वर्चस्वशाली व्यक्तिको पैसा खाएर उत्पीडितलाई न्याय नदिएको सामाजिक विकृतिको

पर्दाफास गरिएको छ । यस कथाकार लामिछानेले मधेसमा रूपमा परिवर्तन भए पनि सारमा मधेस अझै पनि आर्थिक पछौटेपनको समस्याबाट उत्पीडित रहेको तथ्य प्रस्ट पारेका छन् । उनले पैँतालीस वर्ष अघि र अहिलेको मधेसमा तात्त्विक अन्तर नआएको भनेर त्यहाँ सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक पक्षमा रूपान्तरण हुन नसकेको तथ्यको वर्णन गरेका छन् । धनी वर्गको मानिसले जतिसुकै ठुलो अपराध गरे पनि पैसाको आडमा अपराधबाट मुक्ति पाउने सरकारी संयन्त्रको असमान र अन्यायी व्यवहारप्रति कथाकारको स्पष्ट चासो देखिन्छ ।

## सैद्धान्तिक पर्याधार

साहित्यमा प्रचलित प्रगतिवादको आधारशिला मार्क्सवाद हो । यो वाद कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सका ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादबाट प्रेरित र प्रभावित रहेको छ । साहित्य र कला समाजमा वर्चस्वशाली वर्गकै अधीनमा रहन्छ । वर्गयुक्त समाजमा साहित्य र कलाले आआफ्नो वर्गहितलाई अभिव्यक्ति दिन्छन् । यसमा कलासाहित्यमा भाववादी चिन्तनलाई निषेध गरी वस्तुपरक अभिव्यक्तिमा जोड दिइन्छ । मार्क्सवादी दर्शनअनुसार समाजसँग कला-साहित्यको अन्योन्याश्रित सम्बन्ध हुन्छ तसर्थ यसले जीवनका आर्थिक सामाजिक सङ्घर्षलाई आफ्नो आधारभूमि बनाउँछ (भण्डारी, २०७६, पृ. २७४–२९३) । यस्तो साहित्यमा वर्गीय अभिव्यक्तिलाई प्राथमिकतामा राखिन्छ ।

प्रगतिवाद सामाजिक यथार्थको प्रस्तुतिमा केन्द्रित रहन्छ । यसवादले समाजका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिकलगायत विविध विषयवस्तुको वस्तुपरक प्रस्तुतिमा जोड दिन्छ । प्रगतिवादमा सामाजिक यथार्थका साथै साम्प्रदायिकताको विरोध, जनभाषाको प्रयोग, जनसंस्कृतिका विषयवस्तु, ग्राम्य जीवनका सन्दर्भहरूको यथार्थपरक चित्रणलाई आधार मान्दछ । यस वादमा सामाजिक यथार्थ दृष्टि, समसामयिक चेतना र दायित्वका साथसाथै शोषक वर्गप्रति घृणा र शोषित वर्गप्रति सहानुभूति, अन्याय, अत्याचारप्रति विरोधको भावलाई अगाडि सारिन्छ (उद्धृत भण्डारी, २०५५, पृ.४९३–४९४) । प्रगतिवादले समाजमा विद्यमान आर्थिक विषमता र उक्त विषमताले सिर्जना गरेको आर्थिक शोषणलगायतका विभिन्न खालका शोषणका बारेमा वस्तुपरक प्रस्तुतिमा जोड दिन्छ । आर्थिक रूपले सम्पन्न धनी वर्गले आफ्ना मातहतमा काम गर्ने श्रमजीवी वर्गको आर्थिक, राजनीतिक र प्रशासनिक लगायतका क्षेत्रमा शोषण गर्ने सन्दर्भहरूलाई यस वादले दर्पणका रूपमा प्रस्तुत गर्दै उत्पीडित वर्गप्रति सहानुभूतिसमेत प्रकट गर्दछ ।

मार्क्सवादलाई मूल आधार बनाएर अगाडि बढेको यस वादले मूलभूत रूपमा विपन्न वर्गीय किसान, मजदुर, निम्न वेतनभोगी कर्मचारीका हकहितलाई ध्यानमा राखेर अघि बढ्न उत्प्रेरित गर्छ । प्रगतिवादी साहित्यको मूल्याङ्कन गर्दा खास गरिकन किसान, मजदुर र सर्वहाराजस्ता समाजका निम्न वर्गप्रति विशेष ध्यान दिनुका साथै तिनका कष्ट निवारण मार्क्सवादी ढङ्गले गर्नुपर्ने अभिमत प्रकट गरिन्छ (उद्धृत जोशी, २०५४, पृ. ५७) । मार्क्सवादी सिद्धान्तलाई आधार बनाएर विकसित भएको प्रगतिवादमा समाजको शोषक वर्गभन्दा पनि शोषित वर्गको उत्थान र मुक्तिका लागि साहित्य सिर्जना गर्नुपर्ने तर्कलाई अघि सारिन्छ । यसमा समाजमा आर्थिक पक्षले निर्माण गरेको विषमतालाई साम्य पार्नका लागि उत्पीडित वर्गका पक्षमा कलम चलाउनुपर्ने कुरालाई प्राथमिकता क्रममा राखिन्छ ।

## अध्ययन विधि

साहित्यिक शोध गुणात्मक हुन्छ । कथा विधा साहित्यभित्रकै एउटा विधा भएकाले प्रस्तुत अनुसन्धान गुणात्मक रहेको छ । यसमा पुस्तकालयीय कार्यको माध्यमबाट प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । कथाकार यादवप्रकाश लामिछानेद्वारा लिखित फ्ल्यासब्याक कथालाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ भने उक्त कथासँग अन्तरसम्बन्धित पूर्व प्रकाशित लेख, समीक्षा, समालोचनालाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत कथाको विश्लेषणको लागि पाठमा आधारित विश्लेषण विधिको प्रयोग गर्दै अर्थापन र सत्यापन गरी वस्तुपरक निष्कर्ष निकालिएको छ ।

## विमर्श

'फ्ल्यासब्याक'को अर्थ पूर्वदीप्ति हो । कथाकार यादवप्रकाश लामिछानेले प्रस्तुत कथामा विगतको मधेसको अवस्था र वर्तमानको मधेसको अवस्थाबारे तुलना गरेका छन् । देशमा विभिन्न कालखण्डमा राजनीतिक परिवर्तन भए पनि मधेसको सामाजिक र आर्थिक अवस्थामा खासै परिवर्तन नभएको तथ्यलाई कथाकार लामिछानेले प्रस्तुत कथामार्फत देखाउन खोजेका छन् । यस कथामा मधेसमा धनी वर्गले गरिब वर्गमाथि गर्ने हेपाहा व्यवहार, राज्यका संयन्त्रहरूको गैरजिम्मेवारीपन एवम् धनी वर्गसँग अवैध साँठगाँठ, पीडितले न्याय नपाउने सन्दर्भको वास्तविक चित्रण गरिएको छ ।

### *सामाजिक यथार्थको अभिव्यञ्जना*

'फ्ल्यासब्याक' कथामा सुगम जीवनशैली र अवसरको खोजीमा पहाडबाट समथर भूभाग तराई मधेसमा बसाइँ सरेका पर्वते समुदायका सामाजिक यथार्थको चित्रण गरिएको छ । यसका साथै भुटानबाट

डिपोट गरिएका जनजातिहरूसमेत मोरङको मैनावारीमा आएर बस्ती बसाएका विषयवस्तुबारे कथामा यसरी प्रस्तुत गरिएको छ, "बसाइँ सराइबाट आएका पहाडे मूलका क्षेत्री, बाहुन र भुटानबाट डिपाइट भएका मगर, गुरूङ्ग, तामाङ, राई, लिम्बूको, कतै गुजुमुज्ज र कतै छरिएको बस्ती । पुरानो आवादी र झोडा, फाँडेर, बसाइएको बस्तीका आम मान्छेमा पारस्परिक सहयोगको भावना व्यवहारबाट प्रकट भएको देख्न सकिन्छ" (लामिछाने, २०८०, पृ. १) । यस साक्ष्यमा कथाकार लामिछानेले नेपाली समाजको बसाइँ सराइको यथार्थ पक्षको उद्घाटन गरेका छन् । पहाडबाट सुगम जीवनशैली र अवसरको खोजीमा पर्वते समुदायका बाहुन, क्षेत्रीलगायतका मानिसहरू समथर मधेसमा आउने गरेका तथ्य  यस साक्ष्यबाट पुष्टि हुन्छ । यसका साथै भुटानी सरकारबाट कारबाही गरी लखेटिएका नेपालीभाषी जनजातिहरू मगर, गुरुङ, तामाङ, राई, लिम्बूका वास्तविक अवस्थाको प्रस्तुतीकरण प्रस्तुत साक्ष्यमा छ । यस साक्ष्यले आर्थिक पछौटेपन, अभाव, कष्टकर जीवनशैली र सहजजीवनशैलीको खोजीका क्रममा पर्वते समुदायका मानिसहरू तराईको गर्मी रोजेका देखिन्छन् ।  यसैगरी राजनीतिक कारणले गर्दा भुटानबाट नेपालीभाषी जनजातिहरू लखेटिनु परेका तथ्यलाई कथाकारले मर्मस्पर्शी तरिकाले प्रस्तुत गरेका छन् । मार्क्सवादी साहित्य चिन्तनमा खास गरिकन सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक सन्दर्भहरूको प्रकटीकरण हुन्छ जुन वर्गद्वन्द्वबाट अनुप्राणित हुन्छ (उद्धृत त्रिपाठी, २०५८, पृ.१५५) । यस साक्ष्यमा कथाकार लामिछाने नेपालको सामाजिक र आर्थिक पक्षको यथार्थ अवस्थाको वस्तुपरक ढङ्गबाट द्योतन गरेका छन् । प्रस्तुत कथामा कथाकार लामिछानेले आप्रवासी सतार समुदायका बारेमा  बडो गम्भीरतापूर्वक वर्णन गरेका छन् ।

प्रस्तुत कथामा  छिमेकी राष्ट्र भारतको दुम्का जिल्लाबाट रोजगारीको खोजीका अवसरमा मोरङको मैनावारी गाउँमा आएर बस्ती बसाएका आदिवासी सतार समुदायको जीवनावस्थाको चित्रण गरिएको छ । यस कथामा दुम्काका सतारहरू निकै लामो समय पहिले त्यहाँ आएर बस्ती बसाएको सन्दर्भको वास्तविक प्रस्तुति छ,

> भारतको दुम्का जिल्लाबाट हाम्रा पुर्खा सयवर्ष भन्दा अगाडि नै खेतीपाती र सिकारमा रमाउन आएका जानकारी दिने सतारहरू आफ्नो भाषा, आफ्नो भेष, भुषासहित रमेर  र  जमेर बसेका देखिन्छन् । अलिअलि आफ्नो र पाए अरूको जग्गामा खेती गर्ने, मुसा र सर्प सिकार गर्ने अनि जंगलबाट गिट्टा, भ्याकुर ल्याएर रमाएर खाने उनीहरूको दिनचर्या लोभलाग्दो नै छ । (पृ. १)

उपर्युक्त साक्ष्यले छिमेकी राष्ट्र भारतको दुम्का जिल्लाबाट यायावरीय जीवन बाच्ने क्रममा आदिवासी सतारहरू नेपालको तराई मधेसमा आएर बसेका सन्दर्भलाई इङ्गित गर्दछ । सतारहरू सिकार गर्ने क्रममा घुम्दै फिर्दै र रोजगारीको खोजीमा समेत नेपालको मधेसमा आएका सन्दर्भलाई कथाकार लामिछानेले प्रस्ट चित्रण गरेका छन् । सोझा स्वभावका सतार समुदायका मानिसहरू आफ्ना मौलिक र विशिष्ट भाषा तथा वेशभूषासहित जीवनयापन गरिरहेका तथ्यलाई कथाकारले स्पष्ट चित्रण गरेको देखिन्छ । उनीहरू जङ्गलमा गई सानातिना पशुपक्षीका सिकार गर्ने अनि आफ्ना र अरूका जग्गा खनजोत गरी परिवारका जीउपाला गर्ने सामाजिक यथार्थलाई कथाकार लामिछानेले वस्तुपरक वर्णन गरेका छन् । आदिवासी सतार समुदाय खेतीपातीभन्दा पनि बढी सिकार गर्नमा रुचि राख्तछ । जङ्गलको बिचमा बस्न मन पराउने यस समुदायले जङ्गली कन्दमूल र जङ्गली जीवजन्तुको सिकारमा भर परेर आफ्नो जीविकोपार्जन गर्दछ (विष्ट, सन् २०१०, पृ. १०८–१०९) । प्रस्तुत साक्ष्यको माध्यमबाट सोझा प्रकृतिका सतार समुदायका मानिसको आप्रवासनको सन्दर्भका साथसाथै तिनका मौलिक जीवनशैली र यायावरीय स्वभावको तथ्यपरक चित्रण गरिएको छ । कथाकार यादवप्रकाश लामिछानेले आफू बस्दै गरेको गाउँको जातीय बहुलताको सन्दर्भलाई कलात्मक तरिकाले प्रस्तुत गरेका छन् ।

विवेच्य कथामा कथाकार यादवप्रकाश लामिछानेले आफू बस्दै गरेको गाउँमा पर्वते समुदायका बाहुन, क्षेत्रीलगायत मधेसका आदिवासी जनजातिहरूको सघन बसोबास रहेको तथ्यपरक प्रस्तुति छ । फ्ल्यासब्याक कथामा मधेसका रैथाने समुदायका बारेमा यसरी प्रस्तुत गरिएको छ, "पूर्वतिर उत्तर दक्षिण फैलिएको खेतीयोग्य जमीन र केही पहाडबाट झरेका पहाडे र केही रैथाने ताजपुरिया तथा राजवंशीको टोल रहेको छ" (लामिछाने, २०८०, पृ.१–२) । यस साक्ष्यमा कथाकार लामिछानेले मधेसको खासगरिकन महेन्द्र लोकमार्गको मोरङ प्रखण्डको दक्षिणवर्ती इलाकामा बसोबास गर्ने जातीय संरचनाको हिसाबले बहुलतायुक्त समाज रहेको यथार्थको उपस्थापन गरेका छन् ।  कथाको यस सन्दर्भमा कथाकारले आफ्नो गाउँ मैनाबारीको सटीक चित्रण गरेको देखिन्छ । यस प्रसङ्गमा पहाडबाट बसाइँ सरेर आएका विभिन्न जातजातिलगायत तराई मधेसका सतार, राजवंशी, झाँगड, थारुलगायतका आदिवासी जनजातिहरूको जीवनचित्रको प्रतिबिम्बन भएको छ (खरेल, २०८१, krishamansamachar.com) । कथाको यस

प्रसङ्गमा कथाकार लामिछानेले मधेसको उक्त स्थानमा पहिलेदेखि बस्दै आएका आदिवासी जनजातिका बस्तीसँगै पहाडबाट बसाइँ सरी आएका बाहुन क्षेत्रीलगायतका जातजाति एवम् समुदायको सामूहिक बसोबास रहेको तथ्यको उद्घाटन गर्न खोजेको देखिन्छ । प्रस्तुत सन्दर्भले एकातिर समाजको जातीय संरचनाको स्थानीय रङलाई इङ्गित गर्दछ भने अर्कातिर नेपाली समाजको पारस्परिक प्रेम, सद्भाव र जातीय सहिष्णुतासमेतलाई उजागर गर्दछ ।

### *प्रभुत्वशाली वर्गको ज्यादती*

समाजमा आर्थिक वैषम्यले वर्गीय संरचना निर्माण गर्दछ । आर्थिक असमानताकै कारण समाज धनी र गरिब वर्गमा विभक्त हुन्छ । धनी वर्गले आर्थिक आधारमै गरिब वर्गमाथि शोषण, दोहन, अन्याय, अत्याचार र असमान व्यवहार गर्दछ । फ्ल्यासब्याक कथामा पर्वते समुदायको धनी व्यक्तिले आदिवासी जनजाति सतार समुदायको आर्थिक शोषण गरेको तथ्य यसरी उजागर गरिएको छ,

> केही विराटनगर र केही धरान, धनकुटा भोजपुरतिरका जिम्बावालहरू । सयौँ बिगाहा जग्गा खनजोज गर्ने किसानहरू पहाडबाट झरेका र रैथानेहरू नै छन् । रैथाने किसानहरूमा रहेको जाँड रक्सीको कुलतमा लाग्दाको फाइदा उठाएर टाठा-बाठा पहाडेहरूले केही सस्तोमा र केही किर्ते गरी घरवास उठाएका नमिठा घटना पनि ताजै छन् । दसौँ बिसौँ बिगाहा जमीन हुने व्यक्ति, एक दशक पछि नाङ्गो भएर जसले जग्गा किन्यो उसैकहाँ हली गोठालो बस्नु परेको बाध्यता पनि पेचिलो नै छ । पुस्तैनी हली गोठालो बसेको परिवार पनि छ । (पृ. २)

उपर्युक्त साक्ष्यमा पहाड र सहरबाट मधेस प्रवेश गरेका जमिनदारहरूले मधेसका लाटासोझा आदिवासी जनजातिका जग्गाजमिन हडपेका तथ्यको उद्घाटन गरिएको छ । मधेसका आदिवासी जनजातिका जग्गाजमिन सस्तोमा किनेर र कतिपय जग्गाजमिन दाउपेच लगाएर हातपारेपछि धनी वर्गले गरिब वर्गलाई हली गोठालोको रूपमा राखी ज्यादती गरेको यथार्थको मार्मिक तस्बिर प्रस्तुत गरिएको छ । यस सन्दर्भमा धनी वर्गको गरिब वर्गप्रतिको असामाजिक व्यवहारको प्रस्तुतिकरण भएको छ । पहाड र विभिन्न सहरबाट मधेस प्रवेश गएका टाठाबाठा एवम् धनीहरूले के कसरी त्यहाँका लाटासोझा आदिवासी जनजातिका जग्गाजमिन हात पारी तिनलाई बेदखल पार्नुका साथसाथै तिनलाई सीमान्तीकृत अवस्थामा पुऱ्याए । उक्त सन्दर्भको यथार्थिक प्रस्तुतिलाई उपर्युक्त साक्ष्यले पुष्टि गरेको छ । कथाकारको मुख्य उद्देश्य जग्गाधनी सतारका जग्गा टाठाबाठा व्यक्तिले कसरी कानुनको आडमा हडप गरे भनेर देखाउनु रहेको छ (पोखरेल, २०८१, sahityapost.com) । यस सन्दर्भमा कथाकारले धनी वर्गले मधेसका आदिवासी गरिब वर्गप्रति गरेका ज्यादतीको वास्तविक छविचित्रलाई प्रस्तुत गरेका छन् ।

### विपन्न वर्गको निरीहता

सामाजिक विमर्शात्मक संरचनामा आर्थिक रूपले कमजोर विपन्न वर्ग स्वभावैले निरीह हुन्छ किनभने सामाजिक व्यवहारका सन्दर्भमा आर्थिक पक्षले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । ‘फ्ल्यासब्याक’ कथामा धनी वर्गले गरिब वर्गमाथि अन्याय, अत्याचार, शोषण, दमन गरेका सन्दर्भहरूलाई सशक्त ढङ्गबाट उठान गरिएको छ । यस कथामा गरिब वर्गीय मुख्य पात्रको निरीहपनालाई देखाइएको छ । मधेसमा पहाड र विभिन्न सहरबाट बसाइँ सराइ गरेका धनाढ्य व्यक्तिहरूले त्यहाँका निमुखा र निरक्षर आदिवासी जनजातिमाथि दमन र शोषण गरेका विषयवस्तुबाट कथाकार लामिछाने द्रविभूत भई उक्त असमान र अन्यायी व्यवहारको अन्त्य हुनुपर्ने भावबाट प्रस्तुत कथा लेखेको देखिन्छ । कथाकारको कथारचनाको अभिप्रायलाई यस साक्ष्यले पुष्टि गर्छ, “स्रष्टाले समसामयिक युगजीवनका भोगाइलाई अभिव्यक्तिको माध्यम बनाएर प्रस्तुत गरिरहँदा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक आदि पक्षको पनि ख्याल राख्नैपर्दछ” (लामिछाने, २०८०, पृ.बे) । कथाकार लामिछानेले सामाजिक जीवनका भोगाइ एवम् त्यसबाट निर्मित विश्वदृष्टिलाई प्रस्तुत कथामा प्रयोग गरेको देखिन्छ । उनले समाजमा आर्थिक पक्षले निर्माण गरेको वर्गीय असमानता र वर्गीय असमानतकै जगमा धनी वर्गले विपन्न वर्गमाथि शासन गर्नुका साथै सामाजिक, प्रशासनिक क्षेत्रमा वर्चस्व कायम गरेको प्रस्ट छ ।

### *अपवित्र प्रशासनिक साँठगाँठ*

वर्गीय संरचनायुक्त समाजमा आर्थिक रूपले सम्पन्न धनी वर्गले पैसाकै बलमा समाज र राज्यका विभिन्न संयन्त्रमा आफ्नो पहुँच बढाउनुका साथै वर्चस्वसमेत कायम गरेको हुन्छ । उक्त प्रभुत्वशाली वर्गले धनबलकै आडमा आफ्ना काला कर्तुतहरू ढाकछोप गर्न समर्थ हुन्छ र राज्यका विभिन्न निकायका पदाधिकारीहरूलाई आफू अनुकुल निर्णय गराउन सक्षमसमेत हुन्छन् । फ्ल्यासब्याक कथामा प्रभुत्वशाली धनी वर्गले आफ्ना असामाजिक, अनैतिक र अवैध कामहरूलाई प्रशासनिक साँठगाँठका आधारमा निष्प्रभावी बनाउने तथ्यलाई कथाकारले यसरी उदाङ्गो पारेका छन्, “बसेन, चौकी गयो नि ! अनि के भो त ? पैसा खाइलियो र उसकै कुरा मानिलियो” (लामिछाने, २०८०, पृ. ६) । यस साक्ष्यमा विपन्न वर्गीय सतारले आफ्नी बुहारीमाथि धनी मालिकले हातपात गरेको विषयवस्तुलाई आधार बनाई न्याय प्राप्तिका लागि

चौकीमा मुद्दा दर्ता गराएको सन्दर्भको प्रस्तुति छ । गरिब वर्गको सतारले चौकीमा मुद्दा दर्ता गराए पनि चौकीका पदाधिकारीहरू पीडकबाट घुस खाएर मुद्दाको कारबाही अगाडि नबढाएको यथार्थलाई यस साक्ष्यले उजागर गरेको छ ।

समाजमा गरिब वर्गले राज्यका न्यायिक निकायबाट समेत न्याय नपाउने तथ्यलाई कथाकार यादवप्रकाश लामिछानेले प्रस्ट पारेका छन् । उनले विपन्न वर्गको सतारले जग्गासम्बन्धी किचलोका मुद्दा अदालतमा दर्ता गराए पनि अदालतका हाकिमहरू पीडकसँग मिलेर गरिब वर्गीय पात्रलाई न्याय नदिएको तथ्यलाई कथामा यसरी उपस्थापन गरिएको छ, "दु बिगावाला त्यसै खाइ लियो । हाम्रो कुरा हाकिम पनि सुनेन । उनीहरू "मिलिलियो हाम्रो, यो बिजोग भै हाल्यो" (लामिछाने, २०८०, पृ. ६) । यस साक्ष्यमा निःसहाय सतार पात्रले न्याय पाउनका लागि अदालतमा मुद्दा दर्ता गराउँदा पनि उसले न्याय पाउन नसकेको वास्तविकता उजागर गरिएको छ । न्यायालयको हाकिमले धनी वर्गीय पात्रको पैसा खाएर उसैको पक्षमा न्याय सम्पादन गरेको कानुनी राज्यको अवधारणाप्रति नै उपहास भएको तथ्यको उद्घाटन गरिएको छ । सर्वसाधारणले न्याय नपाउँदा न्यायिक क्षेत्रप्रति नै तिनका विश्वास र भरोसा उठ्न सक्ने सम्भावना देखिन्छ । यस सन्दर्भमा धनी वर्गको अड्डा अदालतको हाकिमसँग अपवित्र साँठगाँठ रहेको पुष्टि हुन्छ । विवेच्य कथाको प्रस्तुत सन्दर्भमा कार्यालयका जिम्मेवार मानिसहरूका गैरन्यायिक घिनलाग्दो गतिविधि उजागर भएको छ (खरेल, २०८१, krishamansamachar.com) । यस प्रसङ्गमा हाकिमको अनैतिकता र गैरजिम्मेवारीपन अभिव्यञ्जित भएको छ । यही सन्दर्भमा पीडित सतार पात्र न्यायको खोजीमा जिल्लाका प्रशासनिक निकायमा उजुरी दिए पनि जिल्लाका प्रशासनिक पदाधिकारी समेतले न्याय नदिएको तथ्यको उद्घाटन छ । कथाकार लामिछानेले गरिब वर्गीय सतार पात्रको दुखानुभूतिलाई यसरी प्रस्तुत गरेका छन्, "जिल्लाको साबहरू पनि दारू र लोकल मुर्गाको लोभमा फसिहाल्छ न" (लामिछाने, २०८०, पृ. ७) । यस साक्ष्यमा उत्पीडित सतारको सरकारी अड्डाहरूप्रति भरोसा र विश्वास नरहेको वास्तविकतालाई प्रस्ट्याइएको छ । जिल्लाको जिम्मेवार पदाधिकारीहरू पनि पीडककै रक्सीमासु खाएर उत्पीडितका पक्षमा न्याय नगर्ने सामाजिक यथार्थको प्रस्तुति छ । यस कथामा सन्थालका सामाजिक, आर्थिक अवस्थाको चित्रण गरिएको छ ( पोखरेल,२०८०, sahiyapost.com) । सोझा प्रवृत्तिका सतारहरूले नेपालका अड्डा अदालतमा न्याय पाउन नसकेका तथ्यको उजागर गरिएको छ ।

***जनभाषाको प्रयुक्ति***

'फ्ल्यासब्याक' कथामा ग्राम्य परिवेशमा बसोबास गर्ने आदिवासी जनजाति सतार समुदायको अपठित पात्रको जनभाषाको प्रयोग गरिएको छ । मुख्य पात्र निरक्षर, चेतनाको अभाव भएको आदिवासी जाजनति सतार समुदायको भएकोले उसको अभिव्यक्तिमा परिष्कार देखिँदैन । यसले पात्रलाई सजीवता प्रदान गरेको छ । यस कथामा प्रस्तुत पात्रका जनभाषाको प्रयोग यसप्रकार रहेको छ,

साक्ष्य १ : "सरल उत्तर आयो, बुद्धि पुगेन हजुर, रक्सी धेरै खायो" । (पृ. २)

साक्ष्य २ : मालिक सय टका दे न । म पछि काम गरेर सघाउँछ । खै तिम्रो के विश्वास ? काम गर्ने दिन रक्सी खाएर मात्तिन्छौ होला । मैले भनेँ । होइन, विश्वास गर्नुस् म त्यसो कर्ने मान्छी होइन । (पृ. ३)

साक्ष्य ३ : त्यसैले ठोक्छु भनेको त त्यो भागीलियो मकानको पछाडिबाट । (पृ. ५)

साक्ष्य ४ : त्यो पञ्चेतीको कुरा गरिलिनु भएको ? हो त ?

ना, हुँदैन, झन हल्ला गुल्ला भइ हाल्छन, अनि सब बरबाद भै लिन्छ । भन्न सक्दैन, त्यस्तो कुरा, हामी दुःखी आदमी छ, उसले नै झुटा मुद्दा लगाइलिन्छ । (पृ.५)

उपर्युक्त साक्ष्यहरूमा मधेसको आदिवासी जनजाति सतार समुदायको पात्र अपठित रहेको तथ्य प्रस्ट हुन्छ । सतार समुदायको आफ्नै पहिचानको सतार भाषा रहेको छ । ऊ आफ्नो मातृभाषामा राम्रोसँग कुरा गर्न सक्षम भए पनि कथयितासँग विभिन्न सन्दर्भमा कुराकानी गर्दा नेपाली भाषामा आफ्नोपन मिसाएको स्पष्ट छ । उसलाई परिष्कृत भाषा बोल्न नआउनु स्वाभाविकै हो किनभने चेतनाको अभाव, अज्ञानताले भरिएको इमानदार पात्रले अपरिष्कृत भाषाको प्रयोग गरेको हो । यसले कथालाई जीवन्तता प्रदान गरेको छ । कथाकार लामिछानेले ग्राम्य जीवनमा बस्ने अपठित पात्रले बोल्ने भाषालाई हुबहु टिपेर यस कथामा सजाएका छन् । यस सन्दर्भमा कथाकारको पात्रप्रतिको इमानदारिता मुखरित भएको छ । फ्ल्यासब्याक कथामा जनजिब्रोले बोलिने गरेको भाषा टपक्क टिपेर राखेको अनुभूति हुन्छ (खरेल, २०८१, krishamansamachar.com) । साक्ष्य १ मा हजुर शब्दको साटो हुजुर शब्दको प्रयोगमा जनभाषाको प्रयुक्ति छ । त्यसैगरी साक्ष्य २ मा मालिकलाई आदरार्थी क्रियाको प्रयोग गर्नुपर्नेमा दे न अनादरवाची क्रियाको प्रयोग गरिएको छ । साथसाथै गर्ने मान्छे भन्नुपर्नेमा कर्ने मान्छी पदहरूको प्रयोगले अपरिष्कृत भाषालाई इङ्गित गर्दछ । साक्ष्य ३ मा भाग्यो शब्दको साटो भागीलियो शब्दका

प्रयोगले मुख्य पात्रको निरक्षरपना र स्वाभाविकतालाई प्रस्ट्याएको छ ।लामो समयसम्म मधेसको मैनाबारीमा जीवन व्यतीत गरेका कथाकार लामिछानेले त्यहाँका भुइँमान्छेका भाषिक अभिव्यक्तिलाई जीवन्त रूप प्रस्तुत गर्नु उनको कुशल कालीगढीपन हो ।

### *सुषुप्त प्रतिरोध*

प्रतिरोध भनेको सामान्य अर्थमा विरोध हो । कुनै पनि अन्याय, अत्याचार, असमान व्यवहार, उत्पीडन, शोषण, ज्यादतीका विरुद्धमा कडा प्रतिक्रिया जनाउनु प्रतिरोध हो । सामाजिक विमर्शात्मक संरचनामा कमजोर वर्ग, जाति, समूह, समुदाय, लिङ्ग, अप्रतिनिधित्वले बलियो वर्ग, जाति, समूह, समुदाय, लिङ्ग र प्रतिनिधित्व गरेकाहरूका असमान व्यवहार, अत्याचार, दमन, शोषणका विरुद्धमा कडा प्रतिक्रिया जनाउनु प्रतिरोध गर्ने हो (Singh,2020, p.218) । कमजोर पात्रले बोलेर अथवा शारीरिक आक्रमण प्रत्याक्रमण गरेर प्रतिरोध गर्छ । तर पात्र साह्रै नै कमजोर, निमुखा र निरक्षर छ भने उसले शक्तिशाली पात्रको परोक्षमा विरोध गर्छ, आक्रोश पोख्छ, आफ्नो कुण्ठाको वीरेचन गर्छ । 'फ्ल्यासब्याक' कथामा सतार समुदायको पात्रले सीमान्तीकृत पात्रको प्रतिनिधित्व गरेको छ । प्रस्तुत कथामा सतार पात्रका जीवन भोगाइलाई हेर्दा उसले भुइँमान्छेको प्रतिनिधित्व गरेको प्रस्ट हुन्छ (एटम, २०८०, पृ.बे.) । यस कथामा मुख्य पात्र सतारले धनी वर्गका पात्रका अन्याय, अत्याचार र शोषणका विरुद्धमा परोक्षमा अभिव्यक्त गरेका सन्दर्भहरूलाई निम्न साक्ष्यहरूले प्रस्ट पार्दछ,

साक्ष्य १ : यसलाई भाटै भाटाले, माथा माथामा हिर्काउने कोही छैन हजुर ? । ( पृ.६)

साक्ष्य २ : हामीलाई त लागेको छ, हजुर एक दिन न एक दिन यसलाई सिध्याउँछ, हजुर । (पृ.७)

साक्ष्य : ३ हाम्रो परिवारमाथि आइलाग्ने, छोरीमाथि नराम्रो काम गर्ने अनि बहुमाथि आँखा लगाइ लिने ? हामी टोलबासी होइन । (पृ.७)

उपर्युक्त साक्ष्य १ मा 'फ्ल्यासब्याक' कथाका मुख्य पात्र सतारकी बुहारीमाथि मालिकले हातपात गर्ने कोसिस गरेपछि मालिक त्यहाँबाट भागेको सन्दर्भ छ । उक्त घटना मुख्य पात्रले थाहा पाएपछि उसले म पात्रलाई आफ्नो दमित क्रोध व्यक्त गरेको प्रस्ट छ । साक्ष्य २ मा मुख्य पात्रले जिल्लाका पदाधिकारीहरूबाट समेत न्याय नपाई उसको दुई विगाहा जग्गा गाउँको सामन्तले हजम गरेपछि म पात्रलाई आफ्नो असन्तुष्टि व्यक्त गरेको हो । यस साक्ष्यमा प्रयोग गरिएको सिध्याउँछ शब्दले पीडकलाई मारीदिने आशय लुकेको देखिन्छ । यस प्रसङ्गले मुख्य पात्रको प्रतिरोधी स्वरलाई इङ्गित गरेको छ । साक्ष्य ३ गाउँको शोषकले मुख्य पात्र सतार र उसको परिवारलाई जालझेल गरी पटक पटक दुःख दिँदा, उसको धनसम्पत्ति हडप्दा उसमा निकै आक्रोश पैदा भएको देखिन्छ । मुख्य पात्रको सामाजिक प्रतिष्ठामा समेत आँच आइसकेकोले उसले रिसाएर मपात्रलाई आफ्नो दमित भावना प्रकट गरेको देखिन्छ । माथि उद्धृत तीनवटै साक्ष्यहरूमा मुख्य पात्रका दमित एवम् कुण्ठित भावहरूको अभिव्यञ्जना भएको देखिन्छ । तर तीनवटै सन्दर्भहरू पीडकका सामुन्ने व्यक्त नगरिकन पीडकको परोक्षमा म पात्रलाई सुनाइएकाले यी सुषुप्त प्रतिरोधी अवस्थाका उदाहरण हुन् ।

## निष्कर्ष

'फ्ल्यासब्याक' कथामा मधेसमा धनी वर्गका मानिसहरूले आर्थिक बलका आधारमा त्यहाँका लाटासोझा र अपठित आदिवासी जनजातिहरू आर्थिक शोषण गरेका तथ्यको प्रकटीकरण गरिएको छ । धनी वर्गका मानिसहरूले थोरै पैसा दिएर, ललाइफकाइ, कीर्ते गरेर मधेसका लाटासोझा आदिवासी जनजाति समुदायका जग्गा हडप्ने गरेका वास्तविकताको पर्दाफास गरिएको छ । वर्गीय संरचना भएको समाजमा धनी वर्गका मानिसहरूले गरिब वर्गका मानिसका इज्जत प्रतिष्ठामा आँच आउने गरी हुर्मत लिने सन्दर्भको उद्घाटन गरिएको छ । प्रस्तुत कथामा धनी वर्गका मानिसहरूले आफ्नो वर्चस्व, पैसा अनि रक्सी मासुका भरमा प्रहरी, प्रशासन, अड्डा अदालतका पदाधिकारीहरूले आफू अनुकुलका निर्णय गर्न लगाई उत्पीडितलाई दोहोरो मारमा पार्ने सन्दर्भ यथार्थ प्रस्तुति छ । यस कथामा एकातिर सामन्त वर्गका असामाजिक, अनैतिक गतिविधिको शल्यक्रिया गरिएको छ भने अर्कातिर कर्मचारी संयन्त्रको भ्रष्ट आचरणको भण्डाफोर गरिएको छ । राज्यका विभिन्न संस्थानहरू धनी वर्गका कर्तुत लुकाउनमा सहयोगी हुने भएकाले ती संयन्त्रप्रति आदिवासी जनजाति सतार प्रभृत्ति लगायत सर्वसाधारण विश्वास क्रमशः घट्दै गएका तथ्यको यथार्थ चित्रण गरिएको छ । देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भइसक्ता पनि यहाँका उत्पीडित वर्ग, जातजाति, आदिवासी जनजाति, लिङ्ग, दलितलगायतका सीमान्तीकृत अल्पसङ्ख्यकहरूले न्यायिक राज्यको अनुभूति गर्न नपाएका वास्तविकताको प्रस्तुतिमा कथाकार सफल देखिन्छन् । कथाकार लामिछानेले यस कथामार्फत मधेसको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक दुरावस्थाको सटीक चित्रण गर्दै त्यहाँका उत्पीडित वर्ग, समुदाय जाति आदिले सामाजिक न्याय पाउनुपर्ने अभीष्ट राखेकाले यसमा प्रगतिवादी चेत भरिपूर्ण छ । मधेसको वर्गीय समस्यालाई

नै केन्द्रविन्दु बनाई लेखिएको र निम्न वर्गीय मुक्तिको चाहना राखिएकोले प्रस्तुत कथा प्रगतिवादी दृष्टिकोणबाट सार्थक छ ।

## सन्दर्भ सामग्री


एटम, नेत्र (२०८०). कथासितको संयोग, *संयोग.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार (पृ. बे.) ।

खरेल, महेशराज (२०८१). प्रा.डा. लामिछानेको कथासङ्ग्रह 'संयोग' भित्र नियाल्दा. www.krishamansamachar.com. (फाल्गुन २६ गते) ।

जोशी, कुमारबहादुर (२०३८/२०५४). प्रगतिवाद वा समाजवादी यथार्थवाद, *पाश्चात्य साहित्यका प्रमुख वाद.* तेस्रो संस्क.काठमाडौँ : साझा प्रकाशन (पृ.५६–६४) ।

त्रिपाठी, वासुदेव (२०३०/२०५८). समाजपरक समालोचना, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* तृतीय संस्क.पुनर्मुद्रण, पुलचोक : साझा प्रकाशन (पृ. १४८–१६९) ।

पोखरेल, खेमराज (२०८१). निसमीक्षा : पाठकका इजलासमा 'संयोग' .www.sahityapost.com. ( फाल्गुन ४ गते) ।

बिष्ट, डोरबहादुर ( सन् २००२/सन् २०१०). हामी सतार, *सबै जातको फूलबारी.* पुनर्मुद्रण, काठमाडौँ : हिमाल किताब प्रा.लि. (पृ. १०८–११०) ।

भण्डारी, गणेश (२०५५). प्रगतिवाद, *नेपाली साहित्यकोश.* ईश्वर बराल र अरूहरू ( सम्पा.). काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (पृ.४९३–४९६) ।

भण्डारी, जगदीशचन्द्र (२०७६). प्रगतिवादको सैद्धान्तिक स्वरूप, *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.) काठमाडौँ : रत्न पुस्तक भण्डार (पृ.२७४–२९३) ।

लामिछाने, यादवप्रकाश (२०८०). *संयोग.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०८०). आत्मकथन, *संयोग.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ( पृ. बें) ।

Singh, H. (2020). Aspects of Resistance. *Language in India*.20(12) 218–224) .